

# मुलुकी ऐनले दिएको महिलाको अधिकार

# मुलुकी ऐनले दिएको महिलाको अधिकार



जिफन्ट प्रकाशन

# मुलुकी ऐनले दिएको महिलाको अधिकार

**लेखक :**
विन्दा पाण्डे

**संवाद तथा सम्पादन :**
विष्णु रिमाल

**विशेष सहयोग :**
उमेश उपाध्याय, कवीन्द्र शेखर रिमाल,
वुद्धि आचार्य, बिना श्रेष्ठ, रमेश बडाल

**व्यवस्थापन :**
विनोद श्रेष्ठ

**चित्र :**
बासु क्षितिज

**आवरण/ले-आउट तथा मुद्रण व्यवस्थापनः**
एम्ज माउस, पुतलीसडक, काठमाडौं, २६५९४४ ।
इमेल : msmouse@wlink.com.np

**प्रकाशक :**
नेपाल ट्रेड यूनियन महासंघ

**प्रकाशन सहयोग :**
कमिटी फर एशियन ओमेन (CAW), थाइल्याण्ड ।
प्रथम प्रकाशन : अगस्त, २००२

**पत्राचार :**
नेपाल ट्रेड यूनियन महासंघ
पोस्ट बक्स नं. १०६५२, मनमोहन मजदुर भवन
जिफन्ट प्लाजा, पुतलीसडक, काठमाडौं, नेपाल ।
फोन : २४८०७२ फ्याक्स : २४८०७३
इमेल : info@gefont.org

**मूल्य : १०।–**

© GEFONT 2002







महिलाहरुले अधिकारको लागि बर्षौं देखि संघर्ष गर्दै आएका छन्। यो संघर्ष बहुदलीय व्यवस्था स्थापना भएपछि संसदको विषय पनि बन्न पुग्यो। “महिलाको संपत्तिमाथिको अधिकार” को नामले हाम्रो समाजमा यो संघर्ष चर्चित रह्यो । आजभन्दा छ वर्ष पहिले २०५२ सालमा संसदमा मुलुकी ऐनको एघारौ संसोधन पेश गरियो । यो विधेयक “महिलाको सम्पत्ति विधेयक” नामले चर्चित भयो।

प्रतिनिधि सभाले यो विधेयकलाई २०५८ साल असोजमा पारित गरेता पनि राष्ट्रिय सभाबाट अस्वीकृत भएकोले २०५८ साल चैत्र १ गते प्रतिनिधि सभाबाट यो विधेयक दोस्रो पटक पारित गरियो । राजदरवारबाट लालमोहरे लागे पछि यो ऐनको रुपमा कृयाशिल हुनेछ ।


यो मुलुकी ऐन भनेको के हो?
यसलाई किन शंसोधन गर्न परेको?
यसलाई कहिले कहिले शंसोधन गरियो?











मुलूकी ऐन-२०२० मा पनि थुप्रै अमिल्दा कुराहरु थिए। त्यसैले यसमा पटक पटक संशोधन गरियो । तर जत्तिपटक संशोधन गरे पनि महिलाहरुले माग गरेजति अधिकार भने पाउन सकेनन्। त्यसैले महिला आन्दोलनकारीहरुको पछिल्लो संघर्षले निर्णयक तहमा हाम्रो संसदलाई पुऱ्याई दियो । एघारौं चोटीको यो संशोधनले महिलाको पक्षमा केही अधिकार थप गऱ्यो।


यो संशोधनले के के अधिकार थप्यो ?
ती अधिकार मध्ये पहिलो हो सम्पत्ति माथिको अधिकार !
के अब छोरीले पनि जन्मिने वित्तिकै पैतृक सम्पत्तिमाथि छोरासरह अधिकार राख्छिन् त ?




**विधवा महिलाले कुनै पनि समय परिवारवाट आफ्नो अंश लिएर भिन्न बस्न पाउछिन् । यस्ती विधुवा महिलाले अर्को विवाह गरेमा आफ्नो अंश आफुखुशी गर्न पाउछिन् । सन्तान भएकी विधुवा रहिछन् भने सन्तान नावालक रहेसम्म सन्तानको पालन पोषण र शिक्षा दिक्षा सोही सम्पत्तिवाट गर्नु पर्छ । सन्तान वालिग भएपछि उनले आफ्नो अंशभाग आफुखुशी गर्न पाउछिन् ।**


दोस्रो विषय सम्बन्ध विच्छेद संग सम्बन्धित छ ।
के के भएमा महिलाले आफ्नो लोग्नेसंग संबन्ध विच्छेद गर्न पाउँछन् ?
यस्ता धेरै कारणहरु छन्...


विवाहपछि शारीरिक वा
मानसिक यातनाका कारण
श्रीमान र श्रीमती संगै बस्न
नसक्ने अवस्था भएमा...
श्रीमानले अर्की
महिलासंग शारीरिक
सम्बन्ध राखेमा...
लोग्ने नपुंसक भएमा वा
निको नहुने यौन रोग लागेमा
पनि श्रीमतीले सम्बन्ध
विच्छेद गर्न पाउछिन्।


सम्बन्ध विच्छेद भएपछि अंश के हुन्छ नी !
यसरी सम्बन्ध विच्छेद हुँदा, सम्बन्ध विच्छेद हुनुभन्दा पहिला नै श्रीमतीले श्रीमानको अंशबाट आफ्नो अंशभाग छुट्याएर लिन सकिछन् ।
तेस्रो विषय विवाहसंग सम्बन्धित छ...
केटा वा केटीले कति वर्षको उमेर पुगेपछि विहे गर्न पाउँछ न् ?


महिला वा पुरुष दुवैले अभिभावकको सहमतीमा १८ वर्ष उमेर पुरा गरेपछि विवाह गर्न पाउंछन् ।
आफू खुशी नी ?
आफु खुशी भए २० वर्षको उमेर पुरा गरेपछि विवाह गर्न सक्छन् ।


बहु विहे बारे के व्यवस्था छ ?
पुरूषले एउटा श्रीमती हुँदाहुँदै अर्को विवाह गरेमा एकदेखि तीन वर्षसम्म कैद र पाँच हजारदेखि पच्चिस हजार रूपैयाँसम्म जरिवाना हुने नयाँ व्यवस्था थप भएको छ ।
वर्तमान संशोधनले धर्मसन्तान संबन्धि नयाँ व्यवस्था गरेको छ । आफ्नो सन्तान नभएको महिला वा पुरुषले ३० वर्ष उमेरको फरक पारी धर्मपुत्र वा धर्मपुत्री राख्न पाउँछन । पहिले छोरी भएका तर छोरा नभएकाहरुले आफ्नै छोरीलाई पराई ठानी अर्काको सन्तानलाई धर्मपुत्र राख्ने गर्थे र त्यो कानूनी रुपमा मान्य थियो । तर एघारौं संशोधनले छोरा वा छोरी कुनै पनि सन्तान भएको व्यक्तिले धर्म सन्तान राख्न नपाउने व्यवस्था गरेको छ ।

## वर्तमान संशोधनले महिलालाई गर्भपतन गर्ने अधिकार दिएको छ ।



## यो संशोधनले...







गर्भपतन जथाभावी गर्नबाट भने कानूनले बन्देज लगाएको छ । करकाप वा प्रलोभनमा पारी, गर्भको वच्चा छोरा वा छोरी के हो त्यसको लिंग पत्ता लगाई गर्भपतन गराउन भने पाईदैन । करकाप वा प्रलोभनमा पारी गर्भपतन गराउने र भ्रूणको लिंग पत्ता लगाउनेलाई तीन महिनादेखि छ महिनासम्म जेल सजाय हुन्छ । यस्तै, लिंगका आधारमा गर्भपतन गर्ने गराउनेलाई थप एक वर्षको कैद सजाय हुने व्यवस्था गरिएको छ ।


यो संशोधनले दिएको अधिकार यत्ती नै हो त?
बलात्कारीलाई कुनै कारवाही हुँदैन?
किन नहुनु ? झन् कडा कारवाही हुन्छ ।

यो संशोधनमा महिला अधिकारसंग जोडिएको अर्को विषय बलात्कार संबन्धि हो ।








कुनै पनि उमेर समुहमा पर्ने अशक्त वा अपांग वा गर्भवती महिलालाई बलात्कार गर्नेलाई र कुनै पनि महिलामाथि सामुहिक बलात्कार गर्नेलाई..... ...तोकिएको सजायमा थप पाँच वर्षको कैद सजाय हुने व्यवस्था यो संशोधनल गरेको छ ।

मुलुकी ऐनको एघारौ संसोधनले छोरीले पनि जन्मका आधारमा छोरा सरह अंश पाउने अधिकार दिएर छोरा-छोरी वीच समान व्यवहार त गऱ्यो । तर यसले पनि विवाहका आधारमा छोरा र छोरीको विचमा भेदभाव कायमै राख्यो ।









छोरीले पाएको सम्पत्ति पनि विवाहपछि फिर्ता गर्न नपर्ने गरी एउटा स्वतन्त्र नागरिक सरहको अधिकार पाउनु पर्दछ । यो प्रावधान अपुताली सम्बन्धि अधिकारमा पनि वरावरी हुनु पर्दछ, जुन अहिलेको संशोधनले दिएको छैन ।

यसै गरी अंशको अधिकारमा नेपाली महिलाहरु एक पाइला अगाडि गए पनि बंशको अधिकारमा अझै परिवर्तन भएको छैन । आमाको नामवाट सन्तानले नागरिकता पाउने व्यवस्था यो संशोधनले अझै पनि आत्मसात गर्न सकेको छैन ।

एघारौ पटकको संसोधनबाट पारित भएको कानुन पनि आफैमा पूर्ण छैन– यसलाई सवैले स्वीकारेका छन् । तर यसले नेपाली महिलाहरुको कानुनी हैसियतलाई अवश्य पनि एक कदम अगाडि बढाएको छ । यस्तो अवस्थामा यस संसोधनले दिएको अधिकारलाई कार्यान्वयनमा लैजाने र बाँकी अधिकारको लागि आन्दोलन जारी राख्नुपर्छ । प्राप्त अधिकारको उपभोग र बाँकि अधिकारको लागि आन्दोलन अगाडि बढाउने विषय नै आजको आवश्यकता हो ।

महिला- पुरुष, बराबरी !

हाम्रो आन्दोलन जारी छ !

महिलामाथिको सबै प्रकारको

भेदभाव अन्त्य गर !

हाम्रो माग पुरा गर !

